NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड
("A" class commercial bank licensed by Nepal Rastra Bank.)

The Banker
Bank of the Year 2017
NEPAL

# आर्थिक वर्ष २०७४/०७५
## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची - १५
(नियम २६ को उपनियम २ सँग सम्बन्धित वार्षिक प्रतिवेदन)

१. सञ्चालक समितिको प्रतिवेदन :
यसैसाथ संलग्न गरिएको छ।

२. लेखापरीक्षकको प्रतिवेदन :
यसैसाथ संलग्न गरिएको छ।

३. लेखापरीक्षण भएको वित्तीय विवरण :
यसैसाथ संलग्न गरिएको छ।

४. कानूनी कारवाही सम्बन्धी विवरण :
(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :
गत आर्थिक वर्षमा बैंकले तथा बैंकका विरुद्धमा कर्जा असूलीसंग सम्बन्धित तथा बैंकको सम्पत्तिसंग सम्बन्धित ५४ थान मुद्दाहरु विभिन्न अदालतमा विचाराधिन रहेको छ।

(ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :
यस बैंकको जानकारीमा नभएको।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :
यस बैंकको जानकारीमा नभएको।

५. संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :
(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारण : शेयर कारोबारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गर्ने भएको हुँदा सोही मूल्य तथा मान्यता अनुरुप हुने गरेको।
(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा बैंकको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोबार संख्या र कारोवार भएको दिन।

| | पहिलो त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|
| अधिकतम मूल्य | ५८० | ४९५ | ४९२ | ५०२ |
| न्यूनतम मूल्य | ४५० | ४४५ | ३८४ | ३३८ |
| अन्तिम मूल्य | ४८५ | ४५७ | ४४५ | ३५८ |
| कारोवार संख्या | २,८६५ | २,२६१ | ३,३०१ | ३,५२६ |
| कारोवार दिन | ५६ | ५७ | ५६ | ६३ |

६. समस्या तथा चुनौती :
क) आन्तरिक समस्या तथा चुनौतीहरु : तरलतामा आएको उतार चढावका कारण निक्षेप र कर्जाको ब्याजदर व्यवस्थापनमा समस्या, बैंकिङ्ग क्षेत्रमा दक्ष मानव श्रोतको कमि, कारोवारमा भएको बृद्धिसंगै संचालन जोखिमलाई व्यवस्थापन गर्नुपर्ने चुनौती।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

ख) वाह्य समस्या तथा चुनौतीहरु : अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यले नेपाली मुद्रा अमेरिकी डलरको तुलनामा अवमुल्यन भएको, पुँजी बृद्धिको तुलनामा व्यवसाय विस्तारका लागि वैकल्पिक क्षेत्रमा लगानीको अभाव रहेको, कर्जाको माग तथा निक्षेप बृद्धिमा सन्तुलन नहुनु, बैकिङ्ग क्षेत्रमा बढ्दो अस्वस्थ प्रतिस्पर्धा आदिलाई बैंकले वाह्य समस्या तथा चुनौतीको रुपमा लिएको छ ।

ग) व्यवस्थापनद्वारा अवलम्बन गरेको रणनीति : आय आर्जन गर्ने नयाँ क्षेत्रहरु तथा निक्षेप परिचालनमा जोड, निष्कृय कर्जा व्यवस्थापन गर्दै कर्जा विविधिकरण गरिएको, कोर बैंकिङ्ग सिष्टमलाई समायानूकुल बनाउन परिष्कृत गरिने, बैंकमा रहेको जनशक्तिलाई दक्ष तथा सवल बनाउनको लागि प्रभावकारी तालिमको व्यवस्था, आदि ।

७. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :

(क) सञ्चालक समितिले स्वीकृत गरेका नीतिहरुलाई कार्यान्वयनमा ल्याईएको ।

(ख) व्यवस्थापन तहमा गठन गरिएको विभिन्न समितिहरु (जस्तै : सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति, कर्मचारी पदपूर्ति समिति, कर्जा जोखिम व्यवस्थापन समिति आदी) क्रियाशिल रहेको ।

(ग) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरीक लेखापरीक्षकबाट नियमित रुपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिइएको सुझावहरुको समीक्षा तथा कार्यान्वयन गराउन लेखापरीक्षण समितिको बैठक नियमित बस्ने गरेको र सोवाट प्राप्त निर्देशनहरुलाई तत्कालै कार्यान्वयनमा ल्याईने गरिएको ।

(घ) जोखिम व्यवस्थापन समितिको बैठक नियमित रुपमा बस्ने गरेको र सो बैठकमा भार परीक्षण, नीति नियमहरुको प्रयाप्तता, संचालन जोखिम जस्ता विषयहरुमा छलफल हुने गरेको र व्यवस्थापनलाई प्राप्त निर्देशनहरुलाई पालना गर्दै आएको ।

(ङ) सम्पत्ति शुद्धीकरण निवारणलाई प्रभावकारी बनाउनका लागि ग्राहक पहिचान पद्धतीलाई जोड दिँदै सो क्षेत्रसंग सम्बन्धित विषय बस्तुहरु उपर सम्पत्ति शुद्धीकरण निवारण समितिमा समेत समय समयमा छलफल हुने गरेको ।

(च) बैकिङ्ग कारोवारलाई व्यवस्थित गर्नका साथै संचालन जोखिमहरु न्यूनिकरण गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु तर्जुमा गरि लागु गरिएको ।

(छ) बैंक भित्र संस्थागत सुशासन कायम गराउने हेतुले संस्थागत सुशासन समितिको गठन गरिएको र सो सम्बन्धमा समय समयमा वैठकमा छलफल पश्चात भएका निर्णयहरुलाई कार्यान्वयन गरिएको । बैंकमा संस्थागत सुशासन कायम राख्नमा मुख्य जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतलाई दिईएको ।